गेरुवा गाउँपालिका
Geruwa Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
पशुपतिनगर, बर्दिया
Pashupatinagar, Bardiya
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal


प.सं. : २०७८/०७९ मिति : २०७८/१२/१६

## राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम सम्बन्धी प्रस्ताव आह्वानको सूचना

गेरूवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पशुपतिनगर , बर्दियाको आ.व. २०७८/०७९ को संघिय शर्सत तर्फको को स्वीकृत बार्षिक कार्यक्रम अनुसार संस्था मार्फत जीविकोपार्जन सुधार कार्यक्रम संचालन गर्नुपर्ने भएको हुनाले राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम सम्बन्धी मापदण्ड, २०७७ अनुसारका शर्तहरू पालना गरी कार्यान्वयन गर्नका लागि इच्छुक योग्य संस्थाहरूले यो सूचना प्रकाशन भएको मितिले १५ दिन ( २०७८/१२/३० गते ) भित्र आवश्यक कागजातहरू सलग्न गरी यस कार्यालयमा प्रस्ताव पेश गर्नहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएको छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गरिन्छ ।

**तपशिल**

**पस्तावसाथ सलग्न गर्नुपर्ने विवरण तथा कागजातहरु**

क संस्थाको विधान, परिचय, उद्देश्य, कार्यसांलन प्रक्रिया , भौतिक तथा वित्तिय स्रोत सम्बन्धी विवरण ,

ख प्रस्तावित व्यवसायको अवधारणापत्र , व्यवसायको क्षेत्र, तालिम अविध र स्रोत परिचालन सहितको व्यावसायिक योजनाको विवरण,

गेरुवा गाउँपालिका
Geruwa Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
पशुपतिनगर, बर्दिया
Pashupatinagar, Bardiya
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

ग  प्रचलित कानुन बमोजिम दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि,
घ  अघिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,
ङ  अघिल्लो आर्थिक वर्षको लेखा परिक्षण प्रतिवेदन,
च  प्रस्तावित कार्यक्रममा संस्थाको योगदानको अंश , अन्य निकायबाट प्राप्त हुने सम्भाव्य सहयोग वा साझेदारीको स्रोत सहितको यथार्थ विवरण,
छ  कालोसूचीमा नपरेको र प्रचलित कानुनबमोजिम अयोग्य नरहेको स्वघोषणा ।
ज  प्रस्ताव दर्ता गर्दा संस्थाले विपन्न र एकल महिलाको आर्थिक उत्थान तथा सशक्तीकरण हुने गरी व्यावसायिक सम्भाव्यता समेत उल्लेख गरी सोको कार्यान्वयन सहितको प्रस्ताव पेश गर्नुपर्ने छ ।

**नोट : राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम सम्बन्धी मापदण्ड, २०७७ को दफा १० अनुसूची २ बमोजिम सलग्न ढाँचामा आवश्क कागजात सलग्न गरी कार्यालय समयमा पेश गर्नुपर्नेछ र यस कार्यालयको वेभसाइट www.geruwmun.gov.np महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको वेभसाइट www.mowcsc.gov.np बाट राष्ट्पति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम सम्बन्धी मापदण्ड, २०७७ डाउनलोड गरी सम्पूर्ण सूचना प्राप्त गर्नसकिनेछ ।**

..............................
( बिष्णु प्रसाद गुरूङ )
प्रमुख प्रशासकीय अधिकृत

**email:** geruwarmun@gmail.com | info@geruwamun.gov.np **website:** www.geruwamun.gov.np
सम्पर्क नं.: अध्यक्ष: ९८५८०३८१११, प्रमुख प्रशासकीय अधिकृत: ९८५८०९०४४१, सूचना अधिकारी: ९८५८०३८१३३